आज मिति २०७६ आश्विन १३ गते सोमबार बिहानको ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ८० औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | नि. प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सिंह थापा | सचिव | |

**अन्य उपस्थिती** :-

१. अधिकृत दशौं श्री रमेश सिंह थापा
२. लेखा अधिकृत श्री गणेश गुरुङ
३. अधिकृत सातौं श्री नुमानन्द दमासे

मिति २०७६।०६।१२ गते नगर प्रमुखज्यूबाट मिति २०७६।०६।१३ गते नगरकार्यपालिकाको ८० औ कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथी छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.न. | विषय | कानुनमा भएको ब्यहोरा | निर्यण हुनुपर्ने ब्यहोरा |
|---|---|---|---|
| १ | भुकम्प पिडितको नक्सापास सम्वन्धमा | | • भुकम्प पिडितको मापदण्ड नपुगेको हकमा संम्बन्धित सम्पुर्ण जनप्रतिनिधि सहितको सर्जमिन र वडा स्तरीय बैठकको निणर्य सहित नगरपालिकामा सिफारिस गर्ने र नगरपालिकाबाट सोही ब्यहोरा खुलाई राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणमा द्रोस्रो तथा तेस्रो किस्ता पाउनमको लागि सिफारिस सहित प्रस्ताव गर्ने निणर्य गरियो । |
| २ | आर्थिक सहयोग सम्वन्धमा | | • दक्षिणकाली नगरपालिका वडा नं १ स्थित नेपाल राष्ट्रिय मुवाथाई संघले पेश गरेको निवेदन अनुसार पालिस्था कायस्थ १ जनाको लागि रु २७०००।(अक्षेरुपी सत्ताईस हजार रु. मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो ।<br>• दक्षिणकाली नगरपालिका वडा नं ६ स्थित सितिरियो कराते संघले पेश गरेको निवेदन अनुसार दिनेश ताम्राकार र सुनिता मगर २ जनाको लागि टिकट वापत रु १०९०००।(अक्षेरुपी एक लाख नौ हजार रु. मात्र) आर्थिक सहयोग दिने तथा अब उपरान्त महत्वपूर्ण तथा उल्लेखनीय कार्यको लागि स्वदेश तथा विदेश भ्रमण गर्दा त्यसको पूर्व स्विकृति तथा जानकारी यस नगरपालिकालाई गर्नु पर्ने र यस्तो नगरी आफ्नै प्रयासमा जानेको हकमा यस प्रकारको आर्थीक सहयोग उपलब्ध गराउन नसकिने निर्णय गरियो । |
| ३ | विविध | | • यस दक्षिणकाली नगरपालिका भित्र रहेका प्लटिङ्का जग्गामा १० फिट भन्दा चौंडाई बढी भएको बाटोमा (सहायक सडकको मापदण्ड लागेको बाहेक) घर निर्माण गर्दा सेटव्याक ५ फिट छाडी घर निर्माण गर्न  निर्माण स्वीकृत दिने निर्णय गरियो।<br>• गुठीको जग्गामा नक्सापास सम्बन्धमा गुठीमा राजश्व तिरिसकेको अवस्थामा नगरपालिकामा दोहोरो कर तिर्न नपर्ने र नगरपालिकामा राजस्व मिनाह गर्ने निर्णय गरियो ।<br>• यस नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीलाई कुन कुन पदमा बढुवा अथवा समायोजन गर्नुपर्ने काम र पदको कार्य विवरण तयार गरी सुशासन समितिमा छलफल तथन मुल्याङ्कन गरी सो सम्बन्धमा आवाश्यक कार्यविधि बनाई कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।<br>• तिज कार्यक्रम २०७६ मा अपुग भएको रकम रु.५००००।(पचास हजार रुपैया मात्र) थप गर्ने निर्णय गरियो ।<br>• एक विध्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधि २०७६ अनुसार उक्त कार्यक्रमको लागि श्री अरुणोदय माध्यामिक विध्यालयलाई छनौंट गर्ने निर्णय गरियो ।<br>• दक्षिणकाली नपाका उप मेयर श्री बसन्ती तामाङ (डंगोल) तथा नगर सभा सदस्य श्री मोहन खडकाको २०७६ श्रावण महिनामा भएको मित्र राष्ट्र चिनको स्थानीय निकाय छिन्छुङ संग भगेनी सम्वन्ध विस्तार गर्न तथा एक आपसमा सूचना एवम् सहयोगको आदान प्रदानमा गएको अवधिमा लागेको खर्च रु ४५७९४६।-विशिष्ट ब्यक्ती तथा प्रतिनिधि मंडलको भ्रमण खर्च शिर्षकबाट यस नगरपालिकाबाट प्रदान गर्ने निर्णय गरियो । |